आज मिति २०८२ साल पौष २५ गते आइतबारको दिन दिउसो ११:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को दशौं कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

उपस्थिती:

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | |
| २ | देविता राई | उपाध्यक्ष | |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | शारदा |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| आमन्त्रित | | | |
| | | | |

प्रस्तावहरु:

प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २: प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ३: राजश्व परामर्श समितिको बैठक निर्णय कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. ४: कर्मचारी प्रोत्साहन भत्ता कार्यविधि, २०७६ पहिलो संशोधन( २०८२) प्रस्ताव स्वीकृत सम्बन्धमा ।

२०८२।०९।२६

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ५: सेवा करारमा कार्यरत कर्मचारी तथा गा.पा. अनुदान शिक्षकहरुको सेवा करार सम्झौता नविकरण सम्बन्धमा ।**

**प्रस्ताव नं. ६: सूचना प्रविधि अधिकृतको तह वृद्धि गरी करार सम्झौता नविकरण सम्बन्धमा ।**

निर्णयहरु:

**प्रस्ताव नं. १: समिक्षा सम्बन्धमा ।**

निर्णय: आर्थिक वर्ष २०८२/८३ को नवौं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका सम्बन्धमा समिक्षा गर्दा कार्यान्वयन पक्ष सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २: प्रथम चौमासिकको सार्वजनिक सुनुवाई कार्यक्रम संचालन सम्बन्धमा ।**

निर्णय:प्रस्ताव नं. २ उपर छलफल गर्दा आर्थिक वर्ष २०८३/८३ को पहिलो पौष २९गते तय भएको सार्वजनिक सुनुवाई कार्यक्रममा सम्पुर्ण कार्यपालिकाका सदस्य तथा गाउँसभा सदस्यहरु उपस्थित भई उक्त सार्वजनिक सुनुवाई कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ३: राजश्व परामर्श समितिको बैठक निर्णय कार्यान्वयन सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ३ उपर छलफल गर्दा मिति २०८२/०९/१७ गते बसेको राजश्व परामर्श समितिको बैठक निर्णयलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ४: कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०७६ (पहिलो संशोधन,२०८२) प्रस्ताव स्वीकृति सम्बन्धमा ।**

निर्णय: प्रस्ताव नं. ४ उपर छलफल गर्दा देहायबमोजिम कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०७६ **(पहिलो संशोधन,२०८२)** प्रस्ताव:प्रस्तावकर्ता सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री प्रताप सिंह तामाङ

"आदरणीय अध्यक्ष ज्यू,

आदरणीय कार्यपालिका सदस्यज्यूहरू,

आजको कार्यपालिका बैठकको कार्यसूची अनुसारकर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०७६ पहिलो संशोधन प्रस्ताव पेश गर्न अनुमति चाहन्छु।

**सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२**

कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७६ मा संशोधन गर्न वाञ्छनीय भएकोले सिलीचोङ गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा २ मा संशोधन** :- कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा २ को खण्ड (घ) मा रहेको कर्मचारी भन्नाले वार्ड सचिव, विभिन्न शाखामा कार्यरत शाखा प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत लगायतलाई बुझिने छ " भन्ने शब्दहरुको सट्टा "कर्मचारी भन्नाले वडा सचिव, विभिन्न शाखामा कार्यरत शाखा प्रमुख लगायत सम्पूर्ण कर्मचारी, स्वास्थ्य शाखा अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अफिसर तथा प्रमुख प्रशासकीय अधिकृत लगायतलाई बुझिने छ" भन्ने शब्दहरु राखिएका छन् ।

**३. सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा ३ मा संशोधन** : दफा ३ अन्तर्गत "ताम्कू प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत मेडिकल अफिसरले निजको कार्यविवरण अनुसारको सबै कार्य तथा आवश्यकता अनुसार कार्यालय समयको अतिरिक्त समयमा समेत (२४ सै घण्टा) काम गर्नुपर्ने र गाउँपालिकाको पाँचवटै वडाको स्वास्थ्य संस्थाहरुमा महिनाको ३ पटक घुम्ती सेवा दिनुपर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले थप जिम्मेवारी तोक्न सक्नेछ " भन्ने शब्द थपिएको छ ।

४. **सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ मा** संशोधन : दफा ४ मा खण्ड क पश्चात् खण्ड ख मा " खण्ड क मा जुनसुकै कुरा लेखिएको भएतापनि मेडिकल अफिसरको हकमा आकस्मिक सेवा सहित २४ सै घण्टा सेवा दिएवापत र घुम्ति सेवा दिए वापत निजले खाईपाई आएको तलब स्केलको अधिकतम शत प्रतिशतले नबढ्ने गरी प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ" भन्ने शब्द थपिएको छ ।

उक्त कार्यविधि कार्यान्वयनको क्रममा व्यवहारिक कठिनाइ,केही अस्पष्ट शव्दवली तथा मेडिकल अफिसरको २४ घण्टै आवश्यकताअनुसार आकस्मिक सेवा प्रवाह गर्नुपर्ने,समय- समयमा घुम्ति शिविर समेत संचालन गर्नुपर्ने तथा भौगोलिक विकटताको कारण मेडिकल अफिसर सहजै उपलब्ध हुन नसक्ने अवस्था देखिएकोले ती विषयहरुलाई सम्बोधन गर्न पहिलो संशोधन प्रस्ताव गरिएको हो।
संलग्न मस्यौदा बमोजिम स्वीकृत गरिदिन यो प्रस्ताव पेश गरेको छु।
माथि नियमबमोजिम पेश हुन आएको "सिलीचोङ गाउँपालिकाको कर्मचारी प्रोत्साहन भत्ता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२" सर्वसहमतिले पारित गरी राजपत्रमा प्रकाशन गर्न निर्णय गरियो ।

२०८२/०३/२८

**प्रस्ताव नं. ५ः सेवा करारमा कार्यरत कर्मचारी तथा गा.पा. अनुदान शिक्षकहरुको सेवा करार सम्झौता नविकरण सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नम्बर ५ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका अन्तर्गत स्वीकृत दरबन्दी तथा सामुदायिक स्वास्थ्य ईकाई, विभिन्न कार्यक्रम अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरु तथा गा.पा. अनुदान शिक्षकहरु र साविक सम्झौतावमोजिम कार्यरत सम्पूर्ण लाई विकट भौगोलिक अवस्थिति तथा एकिकृत वस्तिको अभावलाई मध्यनजर गर्दै तथा गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त पार्नका लागि आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्मको लागि करार सम्झौता नविकरण गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**प्रस्ताव नं. ६ः सूचना प्रविधि अधिकृतको तह वृद्धि गरी करार सम्झौता नविकरण सम्बन्धमा ।**

निर्णयः प्रस्ताव नं. ६ उपर छलफल गर्दा यस कार्यालयमा सूचना प्रविधि अधिकृत छैटौ तहमा कार्यरत श्री ज्ञानराज राईले स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन कार्यविधि- २०८२ बमोजिम सातौं तहमा कार्यविधि बमोजिम तह वृद्धि गरी करार सम्झौता नविकरण गरिपाउँ भनि मिति २०८२/०९/०६ मा दिईएको निवेदन सम्बन्धमा आगामी माघ महिनादेखि कार्यविधिले तोकेबमोजिम सातौं तह वृद्धि गरी करार सम्झौता नविकरण गर्ने निर्णय सर्वसमतिले पारित गरियो ।